# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर २८ गते, २०६३ साल (अतिरिक्तांक ५०


## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. २९

### खानेपानी महसुल निर्धारण आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गरी मनासिब मूल्यमा उपभोक्तालाई गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराई उपभोक्ताको हित संरक्षण गर्न खानेपानी महसुल निर्धारण आयोगको स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

1069

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको खानेपानी महसुल निर्धारण आयोग सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि अवस्थित ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(ङ) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(च) "सरसफाई सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(ज) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको

१८६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाइप, जलाशय, खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(झ) "सेवा प्रदायक" भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ ।

(ञ) "महसुल" भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

३. आयोगको गठन : (१) खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गरी मनासिब मूल्यमा गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराई उपभोक्ताको हित संरक्षण गर्न एउटा खानेपानी महसुल निर्धारण आयोगको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आयोगमा देहायका सदस्यहरु रहनेछन् :-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन, अर्थशास्त्र वा वित्तीय व्यवस्थापनमा कम्तीमा स्नातक उपाधि हासिल गरी सार्वजनिक संस्थामा व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति - अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८६३

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वित्तीय व्यवस्थापन वा विश्लेषण, चाटर्ड एकाउण्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातक उपाधि हासिल गरी आर्थिक मूल्याङ्कन, लेखा वा वित्तीय विश्लेषण सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एकजना - सदस्य

(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका महिला, दलित र जनजातिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य

(३) अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरु अर्को एक अवधिको लागि पुनः नियुक्त हुन सक्नेछन् ।

(४) सदस्यले आफ्नो कार्यभार सम्हाल्नुअघि अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

(५) अध्यक्षले आयोगको कुनै अधिकृत कर्मचारीलाई आयोगको सचिव भई काम गर्न तोक्नेछ ।

(६) अध्यक्ष वा सदस्यलाई निजको पदावधि समाप्त हुनु अगावै निजंको पदबाट हटाइने छैन ।

१८५४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा वा इमान्दारीपूर्वक काम नगरेमा वा निज खराब आचरणमा लागेको, शारीरिक वा मानसिक रुपमा अक्षम भएको वा सेवा प्रदायकसँग निजको आर्थिक स्वार्थ रहेको कुरा प्रमाणित भएमा वा निजले फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा निजलाई अध्यक्ष वा सदस्यको पदबाट जुनसुकै बखत हटाउन सकिनेछ ।

(८) देहायका कुनै पनि व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन वा पदमा बहाल रहन सक्ने छैन :-

(क) नेपाल सरकारको बहालवाला कर्मचारी,

(ख) राजनैतिक दलका पदाधिकारी,

(ग) सेवा प्रदायक वा सेवा प्रदायकसँग सम्बन्धित कुनै संस्थामा कार्यरत वा त्यस्तो संस्थामा लगानी भएको वा त्यसमा कुनै किसिमको व्यक्तिगत स्वार्थ रहेको व्यक्ति,

(घ) उपदफा (२) बमोजिमको योग्यता तथा अनुभव नभएको व्यक्ति, र

(ङ) पैंसठ्ठी वर्ष उमेर पूरा भएको व्यक्ति ।

४. सिफारिस समिति : (१) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको एउटा सिफारिस समिति रहनेछ :-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) - संयोजक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खानेपानी तथा सरसफाईको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) भौतिक योजना तथा निर्माण मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्दा प्रत्येक पदको लागि कम्तीमा दुई जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस गरिएका व्यक्तिहरुमध्येबाट अध्यक्ष वा सदस्यको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. आयोग स्वशासित संस्था हुने : (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) आयोगको सबै काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, खरिद गर्न, बिक्री गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

१५६६


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सेवा प्रदायकले उपभोक्तासँग लिन पाउने सेवाको महसुल निर्धारण गर्ने,

(ख) सेवा प्रदायकले महसुल निर्धारणको निमित्त आयोग समक्ष निवेदन पेश गर्दा अपनाउनु पर्ने नीति तथा कार्यविधि स्वीकृत गर्ने,

(ग) सेवा प्रदायकले प्रदान गर्ने सेवाको अनुगमन गरी सेवाको गुणस्तर कायम गर्ने गराउने,

(घ) सेवा प्रदायक र उपभोक्ताबीच उत्पन्न विवाद तोकिए बमोजिम समाधान गर्ने गराउने,

(ङ) सेवा प्रदायकले प्रदान गरेको सेवासँग सम्बन्धित विवरण प्राप्त गरी प्रकाशन गर्ने गराउने,

(च) महसुल निर्धारण सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयन गराउने,

(छ) खानेपानी वा सरसफाई सेवा सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने, र

(ज) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

७. आयोगको बैठक र निर्णय : (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगका दुईजना सदस्यले आयोगको बैठक बस्न आवश्यक छ भनी अध्यक्ष समक्ष लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले एक हप्ताभित्र आयोगको बैठक बोलाउनु पर्नेछ ।

(४) आयोगका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) आयोगले आवश्यक देखेमा नेपाल सरकारको कुनै निकायको प्रतिनिधि वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई आयोगको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(९) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा : (१) अध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका शर्त तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(३) आयोगको बैठकमा भाग लिए बापत सदस्यले तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(४) अयोगको कुनै सदस्यलाई कुनै निश्चित अवधि तोकी आयोगको काम गराउनु परेमा एक पटकमा तीन महिनामा नबढ्ने गरी आयोगले तोकिदिए बमोजिम पारिश्रमिक दिने गरी आयोगले काममा लगाउन सक्नेछ ।

९. कर्मचारी सम्बन्धी व्यवस्था : (१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) आयोगमा रहने कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-३
## महसुल निर्धारण तथा उजुरी सम्बन्धी व्यवस्था

१०. महसुल निर्धारण गर्ने आधार : (१) आयोगले सेवाको महसुल निर्धारण गर्दा ह्रास कट्टी, उपयुक्त लाभ, सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, खानेपानी वा सरसफाई सेवाको सम्बन्धमा नेपाल सरकारको नीति, परिवर्त्य विदेशी मुद्राको विनिमय दर तथा दफा ११ मा उल्लिखित कुराहरु समेतको आधारमा महसुल निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा आयोगले उपभोक्ताहरुको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. महसुल निर्धारण गर्न निवेदन दिनु पर्ने : सेवा प्रदायकले महसुल निर्धारण गराउने सम्बन्धमा देहायका विवरणहरु सहित तोकिए बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित महसुल निर्धारण गर्नु पर्ने आधार,

(ख) महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसका आधार,

(ग) साविकमा लिई आएको महसुल र प्रस्तावित महसुल दर स्पष्ट देखिने गरी तयार गरिएको तुलनात्मक मूल्य सूची,

(घ) सेवा प्रदायकले प्रस्ताव गरेको महसुलबाट सेवा सञ्चालन, मर्मत तथा संभार खर्च, ह्रास कट्टी, सेवा प्रदायकले सेवा सञ्चालनको लागि लिएको ऋणको सावाँ ब्याजको भुक्तानी, वार्षिक मूल्यवृद्धिबाट बढ्ने खर्च समेतको हिसाब गरी सेवा प्रदायकलाई हुन सक्ने मनासिब मुनाफा,

(ङ) प्रस्तावित महसुलबाट खण्ड (घ) बमोजिमको खर्च धान्न र मुनाफा आर्जन गर्न पर्याप्त हुने नदेखिएमा वा तत्काल महसुल बढाउन नहुने भएमा त्यस्तो अपर्याप्तता पूर्ति गर्न सेवा प्रदायकले पहिचान गरेको आर्थिक स्रोत र दीर्घकालीन योजनाको मनासिब आधार,

(च) सेवा सञ्चालन खर्चमा सालबसाली हुने वृद्धि र प्रस्तावित महसुलको तुलनात्मक विश्लेषण,

(छ) प्रस्तावित महसुल व्यहोर्न नसक्ने तहका उपभोक्तालाई महसुलमा छूट गर्ने सम्बन्धमा तयार गरेको आधार र त्यस्तो छूट महसुलका कारणले अन्य उपभोक्तालाई पर्न सक्ने थप भार,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) सेवा प्रदायकले प्रचलित कानून बमोजिम स्थापना भएको कुनै निकायबाट सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरेको वा सम्झौता गरेकोमा त्यस्तो अनुमतिपत्र वा सम्झौताको प्रतिलिपि,

(झ) तोकिए बमोजिमका अन्य कुराहरु ।

१२. निवेदन उपर जाँचबुझ : (१) दफा ११ बमोजिम निवेदन परेमा आयोगले निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात तथा विवरण पेश गरे नगरेको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निवेदकले पेश गर्नु पर्ने कुनै कागजात वा विवरण पेश गरेको रहेनछ भने त्यस्तो कागजात वा विवरण पेश गर्न आयोगले निवेदकलाई मनासिब अवधि तोकी निवेदन दर्ता भएको मितिले पन्ध्र दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात वा विवरण पेश गर्न आयोगले अवधि तोकि सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात वा विवरण प्राप्त हुन आउँछ सोही मितिलाई निवेदन परेको मिति मानिनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा निवेदकले प्रस्ताव गरेको महसुल परिवर्तन गर्न आवश्यक नदेखिएमा वा महसुल परिवर्तन गर्नु पर्ने आधार मनासिब नभएमा निवेदन परेको मितिले साठी दिनभित्र सम्बन्धित निवेदकलाई सोको कारण खुलाई जानकारी दिनु पर्नेछ ।

१३. महसुल निर्धारण गर्ने : (१) दफा १२ बमोजिम आयोगले निवेदन जाँचबुझ गरेपछि निवेदकले प्रस्ताव गरेको महसुल दर बमोजिम वा संशोधन सहित आयोगले निवेदन परेको मितिले साठी दिनभित्र महसुल निर्धारण गर्नेछ ।

१८५१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर निवेदकले प्रस्ताव गरेको महसुल दरमा तीस प्रतिशतभन्दा बढी फरक पर्ने गरी आयोगले महसुल निर्धारण गर्ने छैन ।

(२) उपदफा (१) बमोजिम आयोगले महसुल निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागू हुने मिति समेत तोकी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम महसुल निर्धारण गर्दा आयोगले दफा १० र ११ बमोजिमका आधारको अतिरिक्त प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी वा सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकको हकमा त्यस्तो सम्झौता गर्दा वा अनुमतिपत्र प्रदान गर्दाका बखत तोकिएका अन्य शर्त समेतलाई महसुल निर्धारणको आधार बनाउन सक्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण गर्नुअघि प्रस्तावित महसुल दर खुलाई तोकिए बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचना प्रकाशन भए पछि प्रस्तावित महसुल दरका सम्बन्धमा उपभोक्ताबाट कुनै सुझाव वा प्रतिक्रिया प्राप्त हुन आएमा सो सम्बन्धमा उपभोक्ता संस्थाका प्रतिनिधिहरुसँग परामर्श गरी त्यस्तो सुझावलाई समेत आयोगले महसुल निर्धारणको आधार मान्न सक्नेछ ।

(६) कुनै व्यक्तिले सेवा प्रदायकलाई वा सेवा प्रदायकले कुनै व्यक्तिलाई खानेपानी वा सरसफाई सेवाको लागि एकमुष्ट पानी (बल्क वाटर सप्लाई) खरिद वा बिक्री गर्ने भएमा त्यसरी खरिद वा बिक्री गर्ने पानीको खरिद वा बिक्री मूल्य आयोगबाट पूर्व स्वीकृत गराउनु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले एकमुष्ट पानी खरिद गर्ने उपभोक्ता र साधारण उपभोक्तालाई फरक फरक महसुल निर्धारण गर्न सक्नेछ ।

९८८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) महसुल निर्धारण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४. <u>सूचना प्रकाशन गर्नु पर्ने</u> : दफा १३ बमोजिम आयोगले निर्धारण गरेको महसुल दर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

१५. <u>महसुल पुनरावलोकन हुन सक्ने</u> : (१) दफा १३ बमोजिम आयोगले निर्धारण गरेको महसुल उपर चित्त नबुझ्ने सेवा प्रदायकले चित्त नबुझ्नाको उचित र पर्याप्त कारण सहित महसुल निर्धारण भएको सूचना पाएको मितिले तीस दिनभित्र भौतिक योजना तथा निर्माण मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नेपाल सरकारले देहायका अध्यक्ष तथा सदस्य रहेको एउटा महसुल पुनरावलोकन आयोग गठन गर्न सक्नेछ :-

(क) पुनरावेदन अदालतको न्यायाधीश भइसकेको वा हुन योग्यता पुगेको व्यक्ति - अध्यक्ष

(ख) इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खानेपानी वा सरसफाईको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्ति - सदस्य

(ग) चाटर्ड एकाउन्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा पन्ध्र वर्षको लेखापरीक्षण सम्बन्धी अनुभव प्राप्त गरेको व्यक्ति - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) महसुल पुनरावलोकन आयोगले उपदफा (१) बमोजिम प्राप्त हुन आएका निवेदन उपर आवश्यक छानविन गरी दफा १३ बमोजिम निर्धारित महसुल उपर पुनरावलोकन गर्नेछ ।

(४) महसुल पुनरावलोकन आयोगले उपदफा (३) बमोजिम महसुल पुनरावलोकन गर्नुअघि तोकिए बमोजिम सार्वजनिक सुनवाई समेत गर्न सक्नेछ ।

(५) महसुल पुनरावलोकन आयोगले उपदफा (४) बमोजिम सार्वजनिक सुनवाई गर्दा प्राप्त हुन आएका सुझाव समेतलाई अध्ययन गरी काम प्रारम्भ गरेको मितिले तीस दिनभित्र महसुल पुनरावलोकन गरी सोको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशन गरेको महसुल अन्तिम हुनेछ ।

(७) महसुल पुनरावलोकन आयोगको सचिवालय भौतिक योजना तथा निर्माण मन्त्रालयमा रहनेछ ।

(८) भौतिक योजना तथा निर्माण मन्त्रालयबाट तोकिएको अधिकृतले महसुल पुनरावलोकन आयोगको सचिव भै काम गर्नेछ ।

(९) महसुल पुनरावलोकन आयोगमा आवश्यक पर्ने कर्मचारी भौतिक योजना तथा निर्माण मन्त्रालयले उपलब्ध गराउनेछ ।

(१०) महसुल पुनरावलोकन आयोगको बैठक, निर्णय सम्बन्धी व्यवस्था तथा सो आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

९६६४


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) उपदफा (५) बमोजिम महसुल पुनरावलोकन गर्ने काम समाप्त भएपछि महसुल पुनरावलोकन आयोग स्वतः विघटन भएको मानिनेछ।

१६. आयोगले शुल्क लगाउन सक्ने : आयोगले सेवा प्रदायकसँग निजले उपभोक्ताबाट लिने महसुलको दुई प्रतिशतमा नबढ्ने गरी तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्नेछ।

१७. आयोगले उजुरी सुन्न सक्ने : (१) सेवा प्रदायकले प्रदान गरेको सेवा उपर चित्त नबुझ्ने उपभोक्ताले तोकिए बमोजिम आयोग समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ताले आयोगमा उजुरी दिनुअघि आफूले प्राप्त गरेको सेवाका सम्बन्धमा चित्त नबुझेका कुरा खुलाई सेवा प्रदायकलाई जानकारी गराई सकेको र त्यसमा उपभोक्ताले सन्तोषप्रद उपचार नपाएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा आयोगले आवश्यक छानबिन गरी सेवाको स्तर सुधारका सम्बन्धमा सम्बन्धित सेवा प्रदायकलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ।

१८. आयोगले सजाय गर्न सक्ने : (१) कुनै सेवा प्रदायकले आयोगले निर्धारण गरेको महसुल लागू नगरेमा, आयोगले निर्धारण गरेको भन्दा बढी महसुल उठाएमा वा स्वीकृत मापदण्ड विपरीत असमान महसुल लगाएमा आयोगले त्यस्ता सेवा प्रदायकलाई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपभोक्ताले दिएको उजुरी उपर सेवा प्रदायकले मनासिब कारबाही नगरेको कुरा उपभोक्ताले प्रमाणित गरेमा आयोगले त्यस्तो सेवा प्रदायकलाई दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको प्रारम्भिक इञ्जिनियरिङ्ग प्रारुप,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) परियोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन सम्बन्धी विवरण,

(छ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(ज) परियोजना कार्यान्वयन सम्बन्धी प्रक्रिया,

(झ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको पहिले नै सर्वेक्षण भइसकेको भए नेपाल सरकारले दफा ५ बमोजिम सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ग) दफा १६ बमोजिम आयोगले लगाएको शुल्क बापत प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) आयोगको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकम नेपालको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२१. लेखा र लेखापरीक्षण : (१) आयोगको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(३) आयोगको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले आवश्यक देखेमा जुनसुकै वखत आयोगको लेखा तथा तत्सम्बन्धी कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद-५
## विविध

२२. विवाद समाधान गर्ने : सेवा प्रदायक र उपभोक्ताबीच वा प्रचलित कानून बमोजिम सेवा प्रदान गर्ने अनुमतिपत्र दिने निकाय र सेवा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदायकबीच महसुल सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आयोगले तोकिए बमोजिम त्यस्तो विवादको समाधान गर्नेछ ।

२३. समिति वा उपसमिति गठन गर्न सक्ने : (१) सेवा प्रदायकले उपभोक्तालाई प्रदान गर्ने सेवाको अनुगमन गरी उपभोक्ताहरुको हक हित संरक्षण गर्ने सम्बन्धमा आयोगलाई सुझाव दिन तथा सेवामा उचित पहुँच नपुगेका वा सेवाको महसुल तिर्न असमर्थ उपभोक्ताहरुको हित संरक्षण गर्न आयोगले आवश्यकता अनुसार उपभोक्ता सेवा सुझाव समिति गठन गर्न सक्नेछ ।

(२) आयोगले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूले सम्पादन गर्ने काम सुचारु रुपले गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२४. अधिकार प्रत्यायोजन : आयोगले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा २३ बमोजिमको कुनै समिति वा उपसमिति वा आयोगको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने : (१) आयोगले आफूले वर्षभरी सम्पादन गरेको कामको संक्षिप्त विवरण, सोको प्रशासकीय खर्च, आय व्ययको विवरण तथा भविष्यमा सञ्चालन गर्ने कार्यक्रम समेत समावेश गरी प्रत्येक वर्षको असोज महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारले आवश्यकता अनुसार आयोगलाई सार्वजनिक गर्न लगाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. प्रस्ताव छनौट गर्ने : (१) दफा ६ बमोजिम प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) नेपाल सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार नेपाल सरकारले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि नेपाल सरकारले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

८. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा नेपाल सरकारले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकम नेपाल सरकारले आवश्यकता अनुसार समिति गठन गरी निर्धारण गर्न सक्नेछ ।

९. <u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका अवस्थामा कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ :-

(क) यस ऐन बमोजिम कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) दुई अर्ब रुपैयाँभन्दा बढी लागत ईष्टिमेट भएको, वा

(ङ) समितिले वार्ताद्वारा कार्यान्वयन गर्न सिफारिस गरेको, वा

(च) कुनै कारणले यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको ।

(२) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएका कुराहरु खुलाई नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

(४) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा नेपाल सरकारले निवेदकसँग दफा ६ को उपदफा (२) बमोजिमको विवरण माग गर्नेछ ।

१०. समझदारीपत्र गर्न सक्ने : दफा ७ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा ९ को उपदफा (४) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर परियोजनाको प्रकृति हेरी नेपाल सरकारले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

११. परियोजनाको विवरण पेश गर्नु पर्ने : (१) दफा १० बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी नेपाल सरकारले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) परियोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन,

(घ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) परियोजना चरणबद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) परियोजना कार्यान्वयन तरिका,

(छ) परियोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था,



0596
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर परियोजनाको प्रकृति हेरी नेपाल सरकारले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

११. परियोजनाको विवरण पेश गर्नु पर्ने : (१) दफा १० बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी नेपाल सरकारले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) परियोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन,

(घ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) परियोजना चरणबद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) परियोजना कार्यान्वयन तरिका,

(छ) परियोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था,



०६०७८ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिइने प्रस्तावित शुल्क,

(ञ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ट) परियोजना सञ्चालन गर्दा नेपाल सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी,

(ठ) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ड) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) परियोजना कार्यान्वयन हुने क्षेत्र,

(ण) परियोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(त) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले सो उपदफा बमोजिमको विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधि थपको लागि नेपाल सरकार समक्ष निवेदन दिएमा नेपाल सरकारले बढीमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई नेपाल सरकार समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिव देखिएमा नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले कुनै खास परियोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छूट दिन सक्नेछ।

१२. रद्द गर्न सक्ने : (१) दफा ११ को उपदफा (१) वा (२) बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा नेपाल सरकारले त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले नेपाल सरकारसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

## परिच्छेद-३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१३. सम्झौता गर्ने : (१) दफा ११ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा नेपाल सरकारले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी समितिको सुझाव लिई सम्झौता गर्नेछ।

(२) प्रस्तावकले दफा ११ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण नेपाल सरकारले तोकेको समयावधिभित्र पेश गर्नु पर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा नेपाल सरकारले प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. सम्झौतामा खुलाउनु पर्ने कुराहरु : सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिब देखिएमा नेपाल सरकारले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

१९. अनुमतिपत्र रद्द गर्न सक्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारसँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

२०. राष्ट्रियकरण नगरिने : अनुमतिपत्रको अवधिभर कुनै पनि परियोजना र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

२१. रोयल्टी बुझाउनु पर्ने : रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।



१७८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. परियोजना हस्तान्तरण गर्नु पर्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

२३. नेपाल सरकारको स्वामित्व हुने : दफा २२ बमोजिम हस्तान्तरण भएको परियोजना र सो सँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व नेपाल सरकारको हुनेछ ।

२४. संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको प्राथमिकतामा परेको कुनै खास परियोजनाको कार्यान्वयन नेपाल सरकारको र निजी क्षेत्रको संयुक्त लगानीमा गर्न सकिनेछ ।

तर नेपाल सरकारबाट गरिने लगानी परियोजनाको कूल लागतको पच्चीस प्रतिशतभन्दा बढी हुने छैन ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले नेपाल सरकारको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ ।

## परिच्छेद-४
## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार

२५. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारको स्वीकृति लिई अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ ।



3596
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छूटकारा पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२६. घर जग्गा आदिमा प्रवेश गर्न सक्ने : (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

१०५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५
## अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराइने सुविधा

२७. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने** : (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) वा दफा २६ को उपदफा (२) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र नेपाल सरकार समक्ष उजुरी गर्न सक्नेछ ।



२६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर तीन महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा नेपाल सरकारले गरेको निर्णय अन्तिम हुनेछ ।

२८. <u>घर जग्गा प्राप्त गरिदिने</u> : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गर्नु पर्नेछ । त्यसरी खरिद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम संस्थालाई जग्गा प्राप्त गरे सरह प्राप्त गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वियनको लागि आवश्यक भएमा नेपाल सरकारले त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक जग्गा लिज वा बहालमा प्रयोग गर्न दिइएकोमा त्यस्तो लिज वा बहालबाट प्राप्त रकमको पचास प्रतिशत रकम सम्वन्धित नगरपालिका वा गाउँ विकास समितिहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

२९. <u>परियोजनाको सुरक्षा गर्न सक्ने</u> : (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि नेपाल सरकारसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त व्यक्तिले व्यहोर्ने गरी नेपाल सरकारले त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

३०. सहयोग उपलब्ध गराउनु पर्ने : (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी नेपाल सरकारले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

३१. विदेशी विनिमयको सुविधा : परियोजनाको कार्यान्वयनको लागि ऋृण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋृणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ ।

३२. प्रवेशाज्ञा सम्बन्धी सुविधा : विदेशी लगानीकर्ताले परियोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई प्रचलित कानून बमोजिम आवाशीय प्रवेशाज्ञा (भिसा) उपलब्ध गराइनेछ ।

३३. विष्फोटक पदार्थको प्रयोग : परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न अनुमतिपत्र दिनेछ ।



0026 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. आयकर सम्बन्धी व्यवस्था : सम्झौता भएपछि सम्झौता गर्दाको बखत प्रचलित कानून बमोजिम बहाल रहेको आयकर सम्बन्धी व्यवस्था सम्झौताको अवधिभर कायम रहनेछ ।

## परिच्छेद-६
## बोर्डको गठन तथा शुल्क सम्बन्धी व्यवस्था

३५. बोर्डको गठन : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना सञ्चालन गर्दा यस ऐन बमोजिम लिन पाउने शुल्क पुनरावलोकन गर्नको लागि नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्ति र उपभोक्ता समेतको प्रतिनिधित्व रहने गरी तोकिए बमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरुको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सो बापत प्राप्त गर्न सक्ने मनासिब माफिकको प्रतिफलको आधारमा तोकिए बमोजिम गर्नेछ ।

(४) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३६. शुल्क उठाउन पाउने : अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

३७. सेवा सुविधाका शर्त तोक्न सक्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-७
## समितिको गठन तथा अन्य व्यवस्था

३८. समितिको गठन : (१) परियोजना कार्यान्वयनका सम्बन्धमा समन्वय गर्न तथा परियोजनाको पहिचान तथा प्राथमिकता निर्धारण गर्न नेपाल सरकारलाई सुझाव दिनको लागि एक परियोजना समन्वय समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य

(ग) मुख्य सचिव, नेपाल सरकार - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(च) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(छ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सचिव, सम्वन्धित
मन्त्रालय - सदस्य

(झ) सचिव, राष्ट्रिय योजना
आयोगको सचिवालय - सदस्य-सचिव

(३) समितिको सचिवालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहनेछ ।

(४) समितिले सम्बन्धित विषयमा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३९. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरुको सूची बैठक बस्नुभन्दा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

१८०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. परियोजनाको अनुगमन गर्न सक्ने : (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा सम्बन्धित जिल्ला विकास समितिको सभापति र एकजना महिला सदस्यलाई सहभागी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

४१. निर्देशन दिन सक्ने : समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

४२. प्राविधिक समिति : (१) परियोजनाको कार्यान्वयन सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि नेपाल सरकारले सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-८
## विवादको समाधान र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

४३. विवादको समाधान: (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

४४. क्षतिपूर्ति सम्बन्धी व्यवस्था : (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति नेपाल सरकारबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी नेपाल सरकारले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

१८०४


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-९
## विविध

४५. परियोजनाको विवरण राख्नु पर्ने : (१) नेपाल सरकारले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा नेपाल सरकारले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

४६. लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने : नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

४७. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने : अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

४८. अध्ययन प्रतिवेदनमाथि अधिकार कायम रहने : दफा ६ बमोजिम प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५०. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी अध्यांदेश, २०६२ निष्क्रिय भएपछि त्यसको परिणाम : पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

प्रमाणीकरण मितिः २०६३।८।२८।५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
गो.ह.द.नं. १६।०६२।६३

2026 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।